# चुरे गाउँपालिका

---

## आर्थिक ऐन

### चुरे गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको बिधेयक

प्रस्तावना : चुरे गाउँपालिकाको आर्थिक बर्ष २०७५।२०७६ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक ब्यबस्था गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम चुरे गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम आर्थिक ऐन २०७५ रहेको छ । (२) यो ऐन गाउँसभाले पारित गरेको मिति देखि चुरे गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पत्ति कर :** गाउँपालिका क्षेत्र भित्र अनुसुची (१) एकिकृत सम्पत्ति कर / घर जग्गा कर लगाईने र असुल उपर गरिनेछ ।

३. **भूमीकर (मालपोत) :** गाउँपालिका क्षेत्र भित्र अनुसुची (२) बमोजिम भूमिकर (मालपोत) लगाईने र असुल उपर गरिनेछ ।

४. **घरवहाल कर** : गाउँपालिका क्षेत्र भित्र कुनै ब्यक्ति वा संस्थाले भवन,घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएको अनुसुची (३) बमोजिम घरजग्गा वहाल कर लगाईने र असुल गरिनेछ ।

५. **ब्यवसाय कर** : गाउँपालिका क्षेत्र भित्र ब्यापार, ब्यवसाय, वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची (४) बमोजिमको ब्यवसाय कर लगाईने र असुल गरिनेछ ।

६. **जडिवुटि, कवाडी र जीवजन्तु कर** : गाउँपालिका क्षेत्र भित्र कुनै ब्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी बनकस, कवाडी माल, र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका मृत वा मारिएका जीवजन्तुको हाड, सिंग, प्वाँख, छाला जस्ता बस्तुको ब्यवसायिक कारोवार गरे वापत अनुसुची (५) बमोजिमको कर लगाईने र असुल गरिनेछ ।

७. **सवारी साधन कर** : गाउँपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसुची (६) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा ब्यबस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : गाउँपालिका क्षेत्र भित्र हुने बिज्ञापनमा अनुसुची (७) बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा ब्यवस्था भएको खण्डमा सोही बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर** : गाउँपालिका क्षेत्र भित्र हुने मनोरञ्जन ब्यवसाय सेवामा अनुसुचि (८) बमोजिम ब्यवसाय कर लगाईने र असुल गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा ब्यवस्था भएको खण्डमा सोही वमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क** : गाउँपालिका क्षेत्र भित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसुचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसुचिमा भएको ब्यबस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क** : गाउँपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुबिधा उपलब्ध गराए वापत अनुसुचि (१०) बमोजिम पार्किङ शुल्क लगाईने र असुल गरिनेछ ।

१२. **सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, संचालन वा ब्यवस्थापन गरेको अनुसुचि (११) मा उल्लेखित स्थानिय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहिबाट सोही अनुसुचिमा ब्यबस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१३. **पर्यटन शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्र भित्र प्रबेश गर्ने पर्यटकहरुवाट अनुसुचि (१२) मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा ब्यवस्था भएको खण्डमा सोही बमोजिम हुनेछ ।

१४. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि :** यो ऐनमा भएको ब्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।